प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

मिति २०७९ साल बैशाख ५ गतेको सचिव बैठकको निर्णयहरूः

१. २०७८।१२।०६ गतेको सचिव बैठकमा भएका निर्णयहरूको बारेमा प्रगति समिक्षा गरियो।

२. मन्त्रालय/निकायले हालसम्म भए गरेका वार्षिक विकास कार्यक्रमहरूको प्रगतिको बारेमा प्रस्तुति र छलफल गरियो।

३. मन्त्रालय/निकायले प्रदेश अनुगमन प्रणाली र प्रदेश कर्मचारी सूचना प्रणाली (PPIS) प्रयोग गर्दा देखिएका समस्याहरूको बारेमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयमा लेखी पठाउने।

४. मन्त्रालय/निकायहरू र मातहत कार्यालयहरूका प्रमुख र अन्य कर्मचारीहरू कामको सिलसिलामा कार्यक्षेत्रभन्दा वाहिर जाँदा नियमित सेवा प्रवाहमा असर नपर्ने गरी व्यवस्थापन गर्ने।

५. मन्त्रालय/निकायहरूले आसन्न स्थानीय तहको निर्वाचनलाई सफल पार्ने क्रममा निर्वाचन आयोगबाट समय-समयमा भएका निर्देशनहरूको पालना गर्ने, गराउने।

६. गण्डकी प्रदेश सरकार कानून, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्रालयमा सचिवको रुपमा सरुवा भइ आउनुभएका सचिव श्री शम्भुराज रेग्मी र प्रदेश नीति तथा योजना आयोगमा सरुवा भइ आउनुभएका सचिव श्री प्रेमराज गिरीलाई सफल कार्यकालको शुभकामना सहित स्वागत गरियो।

२०७९।१।५

प्रमुख सचिव